चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

**आदरणीय चन्द्रकोट वासी आमा, बुवा, दाजुभाइ तथा दिदी बहिनीहरु**

गत २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तह सदस्य निर्वाचनमा अध्यक्ष श्री युवराज खत्री क्षत्रीज्यूको नेतृत्वमा रहेको गाउँ कार्यपालिका तथा गाउँसभालाई आफ्नो अमुल्य मतका साथ विजयी बनाउनु भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं। समग्र चन्द्रकोट गाउँपालिकाको बृहत्तर हित र समृद्दि साथै श्रीबृद्दिका निम्ति हामीलाई नेतृत्वदायी भूमिकामा आगामी ५ बर्षे कार्यकालको लागि जिम्मेवारी सुम्पिनु भएकोमा आम मतदाता तथा शुभेच्छुक हरु प्रति कृतज्ञ छौं। अध्यक्षज्यूको नेतृत्वमा रहेको हाम्रो यस समूहले आफ्नो जिम्मेवारी स्वरुप कार्यभार सम्हालेको एक बर्षको समयावधि भैसकेको छ। यस अवधिमा हाम्रो समूहले विकासका समग्र आयामहरुको सन्तुलित, दिगो, समतामूलक, समन्यायिक, समावेशी र सहभागितमूलक पद्दतिको स्थापनाद्वारा सुन्दर चन्द्रकोटको निर्माण गर्ने अभिष्ट राखी उक्त दिशामा अहोरात्र खटिरहेको व्यहोरा सर्वविदितै छ। यहाँहरुले दिनुभएको अमूल्य मतको कदर गर्दै र नागरिकको सवैभन्दा नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकारलाई जनअपेक्षित बनाउँदै लैजानु हाम्रो मूल ध्येय रहेको यहाँहरु समक्ष निवेदन गर्न चाहन्छौं। यसै क्रममा सवल एवम् सक्षम चन्द्रकोट समृद्ध चन्द्रकोट वासीको नारालाई व्यवहारतः उतार्नको लागि यहाँले जिम्मेवारी सुम्पिएको १ बर्षको अविधमा गरेका केहि प्रमुख कार्यहरुको प्रगति समीक्षा संक्षिप्त रुपमा यहाँ प्रस्तुत गर्दछौं।

**पूर्वाधार विकास तर्फः-**

- गाउँपालिकाका मुख्य बजार क्षेत्र शान्तिपुर तथा मजुवामा नाली व्यवस्थापन योजना संचालन गरिएको,
- जिल्ला पूर्वाधार विकास कार्यालयले द्वारा कार्यान्वयन भैरहेको चोरकाटे शान्तिपुर सडक खण्ड अन्तर्गतको करिव १४ किलोमिटर लामो सडक कालोपत्रे गर्ने कार्य अन्तिम चरणमा पुगेको,
- पालिकाभित्रका शान्तिपुर- अस्पताल लाईन सडक, शान्तिपुर-टिमुरे सडक तथा मजुवा भित्रीबजारका सडकहरुमा ग्राभेलिङ्ग गर्ने कार्य भैरहेको,
- सडक सुरक्षाको लागि विभिन्न सडकहरुमा रिटेलिङ्ग वाल र ग्याभिङ्ग वाल लगाउने कार्य भैरहेको,
- विभिन्न नयाँ स्थानमा नयाँ सडकको लागि ट्र्याक खोल्ने काम भैरहेको,
- सामाजिक विकास डिभिजन कार्यालय पाल्पा, जिल्ला पूर्वाधार विकास कार्यालय लगायतका विभिन्न कार्यालयहरुबाट पूर्वाधार विकासका विभिन्न आयोजनाहरु संचालन भैरहेको,
- शहरी विकास विभागबाट शान्तिपुरको श्रीलंका टोल र फूलवारी टोलमा सडक कालोपत्रे गर्ने कार्य भैरहेको र यसका लागि थप ३ करोड रकम स्वीकृत भएको,
- क्वाङ्गदी गरा देखि फूँगा जोड्ने ९६ मिटर लामो झोलुङ्गेपुलको निर्माण भएको,
- वडा नं. ५ छरछरेमा झोलुङ्गे पुलको निर्माण भैरहेको,
- वडा नं. ६ हरेवा खोला चिसापानीमा कल्भर्ट निर्माण गरिएको,
- बर्षाको समयमा अवरुद्द हुने सडकलाई तत्काल सुचारु गर्ने गरिएको,
- विभिन्न नदिजन्य स्थानबाट ढुङ्गा, गिट्टि वालुवा उत्खनन् गर्ने प्रयोजनका लागि प्रारम्भीक वातावरण सर्भेक्षण (IEE) गरिएको,
- चन्द्रकोट ७ मा रुपाकोट स्वास्थ्य चौकीको नवनिर्मित भवनबाट सेवा प्रदान गर्ने गरी भवन उद्घाटन गरि सेवा संचालन गरिएको छ भने ग्वाघा स्वास्थ्य चौकी भवन उद्घाटनको चरणमा रहेको,
- वडा नं. ६ को टारी र झापक जोड्ने गरी २०० मिटर लामो झोलुङ्गेपुलको सर्भे सम्पन्न,

प्रसाद भण्डारी

गाउँ चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

- गाउँपालिकाको यातायात गुरुयोजना (MTMP) निर्माणको लागि प्रकृया अन्तिम चरणमा रहेको,
- गाउँपालिकाभित्र भू-बर्गीकरण योजना अन्तिम चरणमा रहेको,
- गाउँपालिकाको मुख्य प्रशासनीक भवन निर्माणको काम संचालन भैरहेको,
- १५ शैय्याको शान्तिपुर अस्पतालको निर्माण कार्य भैरहेको,
- वडा नं. १ को वडा भवनको निर्माण कार्य भैरहेको,
- दिब्रुङ्ग मन्दिरमा प्रदेश समपुरक अन्तर्गत अतिथि आवास गृहको निर्माण अन्तिम चरणमा रहेको,
- वडा नं. ३ मा आमासमुहको भवन निर्माणको क्रममा रहेको,
- वडा नं. ४ मा रेमी सामुदायिक स्वास्थ्य ईकाइ भवन निर्माणाधिन अवस्थामा रहेको,
- एक घर एक धारा कार्यक्रम अन्तर्गत विभिन्न वडाहरुमा खानेपानी योजनाहरु संचालनमा रहेको,
- सिंचाईका लागि विभिन्न योजनाहरु संचालन गरि सिंचाई क्षेत्र विस्तार गरिएको,
- वडिगाड खोला तथा हरेवा खोलाबाट हुने संभावित क्षती रोक्न विभिन्न तटबन्धको व्यवस्थापन गरिएको,
- पर्यटन पूर्वाधार अन्तर्गत अर्जेवा झरना, चन्द्रकोट मन्दिर, टिमुरेताल, पाटेचौर पिकनिक स्पट लगायतका स्थानमा विभिन्न योजनाहरु संचालन गरिएको,

सामाजिक विकास तर्फः-

- गाउँपालिकाको आयोजनामा निशुल्क बृहत स्वास्थ्य शिविर संचालन गरिएको जसबाट १८०० भन्दा बढि नागरिकहरु प्रत्यक्ष लाभान्वित भएका,
- विपन्न नागरिकहरुको लागि स्वास्थ्य बीमामा ५० प्रतिशत सहुलियतको लागि अनुदानको व्यवस्था गरिएको,
- सुत्केरी हुनका लागि जिल्ला बाहिर रिफर हुने गर्भवती महिलाहरुको यातायात सुविधाको लागि शत प्रतिशत रकम प्रदान गरी निःशुल्क यातायातको व्यवस्थापन गरिएको,
- दिब्रुङ्ग स्वास्थ्य चौकीमा ल्याव सेवा सुरु गरिएको,
- यूवाहरुलाई खेलकुद प्रति अभिप्रेरित गर्न राष्ट्रिय खेलकुदमा सहभागी हुने खेलाडीहरुलाई पालिकाको तर्फबाट सहजीकरणको प्रवन्ध गरिएको छ भने प्रथम अध्यक्षकप अन्तर वडा स्तरीय पुरुष भलिवल प्रतियोगिता सम्पन्न गरिएको,
- कुपोषित वालवालिकाको लागि पोषण सम्बन्धी उपचारको लागि शान्तिपुर स्वास्थ्य चौकीमा पोषण क्लिनिक (OTC) को स्थापना गरिएको,
- स्थानीय पाठ्यक्रम निर्माण तथा स्वीकृत गरी विद्यालयमा लागु गरिएको,
- १/१ जना छात्र तथा छात्रालाई प्राविधिक शिक्षालयमा निःशुल्क अध्ययनको व्यवस्था गरिएको,
- सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत छात्राहरुलाई निःशुल्क सेनेटरी प्याडको व्यवस्था,
- स्वयंसेवीकालाई स्वास्थ्य आमा समुहको बैठक चलाए बापत् यातायात खर्च स्वरुप प्रत्येक महिना रु ५०० प्रदान गरिएको साथै महिला स्वास्थ्य स्वयंसेवीका हरुको हक र हितका लागि पालिका स्तरिय हकहित मञ्च गठन भएको,

विष्णु प्रसाद भण्डारी
अध्यक्ष

चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

- लोकसेवा तथा शिक्षक सेवा प्रति यूवाहरुलाई आकर्षित गर्नका लागि निशुल्क लोकसेवा तथा शिक्षक सेवा तयारी कक्षा संचालन गरिएको,
- अपाङ्गता भएका व्यक्तिहरुलाई मध्यनजर गर्दै अपाङ्गता परिचयपत्र वितरण शिविर संचालन गरिएको छ जसवाट ३५ जना लाभान्वित भएका छन् भने पालिकाभित्रका अपाङ्गता भएका व्यक्तिहरुको एकिकृत अभिलेखको लागि तथ्याङ्क संकलन र प्रोफाईल निर्माण अन्तिम चरणमा रहेको,
- गाउँपालिकाको स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन शान्तिपुर स्वास्थ्य चौकीमा १ वटा मेडिकल अफिसर नियुक्त गरिएको छ भने स्वास्थ्य संस्थाको अभिलेखीकरणलाई प्रभावकारी बनाउन हरेक स्वास्थ्य चौकीमा १/१ वटा कम्प्यूटर वितरण गरिएको,
- महिला दिवस तथा नारी दिवस मनाउने पालिका स्तरीय कार्यक्रम सम्पन्न गरिएको,
- वालविकास कक्षाहरुलाई वालमैत्री बनाउन र सिकाईको बातावरण प्रभावकारी बनाउन एक हप्ते मन्टेश्वरी तालिम संचालन गरिएको,

<u>आर्थिक विकास तर्फः-</u>

- विद्युतीय चुलोलाई प्रोत्साहन गर्न लाभग्राहीलाई प्रति लाभग्राही रु ५०० अनुदानको व्यवस्था गरी हाल सम्म कुल १२७० जनालाई प्रदान गरिएको,
- गाउँपालिकाभित्रका विपन्न नागरिकहरुलाई सामुदायिक विद्युत उपभोक्ता समितिसँगको सहकार्यमा कुल ९८ जना विपन्न नागरिकलाई निशुल्क विद्युत मिटर वितरण गरिएको,
- ५० प्रतिशत अनुदानमा कृषकहरुलाई विभिन्न यन्त्र उपकरण प्रदान गरिएको छ भने चालु आर्थिक बर्षको लागि लाभग्राही छनौट अन्तिम चरणमा रहेको,
- रेविज रोग विरुद्द पालिकाभित्रका छाडा तथा पाल्तु कुकुरहरुलाई भ्याक्सिनको व्यवस्था गरिएको छ। बाख्रामा लाग्ने पि.पि.आर. रोग नियन्त्रणको लागि खोपको प्रवन्ध गरिएको साथै क्षति भएका किसानको राहतको लागि आवश्यक पहल गरिएको छ भने गाई/भैंसीमा लाग्ने लम्पी स्किन रोगको लागि निशुल्क भ्याक्सिनको प्रवन्ध गरिएको,
- कृषि क्षेत्रको विकासका लागि विभिन्न पकेट क्षेत्रको विस्तार साथै निरन्तरता दिइएको छ भने एक वडा एक उत्पादन कार्यक्रम लागु गरिएको छ यसैगरी वडा नं. १ मा आलु पकेट क्षेत्र स्थापना गरी आलु उत्पादन गरिएको,
- गरिवी निवारणका लागि लघस उद्यमशीलता विकास गर्न कुल ६८ जनालाई सीपमूलक तालिम प्रदान गरिएको छ भने ४० जनालाई सीपको स्तरोन्नति तालिम संचालन गरी विभिन्न प्रविधि हस्तान्तरण गरिएको छ भने २ वटा समुहलाई सीप अभिबृद्दिका लागि विभिन्न प्रविधि हस्तान्तरण गरिएको,
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विभिन्न वडाका ४८ जना वेरोजगारहरुलाई न्यूनतम १०० दिनको रोजगारी प्रदान गरिएको,
- किसानका लागि प्रदान गरिने मलमा बजार मुल्य निर्धारण गरी किसानलाई सहुलियत दरमा मल उपलब्ध गराउन पहल गरिएको,

विष्णु प्रसाद भण्डारी
कार्यवाहक अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

- गाउँपालिकाभित्रका किसानलाई लक्षित गरी निशुल्क पशु बीमा तथा पशुस्वास्थ्य शिविर संचालन गरिएको,
- सहकारी क्षेत्रको नियमन र व्यवस्थापनको लागि अभिलेखीकरणको सुरुवात गरिएको साथै सहकारी ऐन निर्माण गरी सोहि अनुसार कार्य गर्दै आएको,

वन वातावरण तथा विपद् व्यवस्थापन तर्फः-

- पालिकाका विभिन्न स्थानमा ३९० वटा बर्गीकृत (कुहिने र नकुहिने फोहर जम्मा गर्ने) डस्टविनको व्यवस्था गरिएको,
- बैकल्पिक उर्जाको प्रवर्धनको लागि पालिकाभित्रका शान्तिपुर बजार क्षेत्रमा ६ वटा मजुवा बजार क्षेत्रमा ४ वटा, वडा नं. ३ हर्राचौरमा १ वटा, वडा नं. ७ को एक्लेपिपलमा १ वटा, वडा नं. ७ सोतामा २ वटा सौर्य उर्जाको सोलार जडान गरिएको,
- वडा नं. १ को दिब्रुङ्ग स्वास्थ्य चौकी तथा वडा नं. ७ को रुपाकोट स्वास्थ्य चौकीमा सौर्य उर्जा प्रणाली जडान गरिएको,
- मनसुन जन्य विपद्मा परेका नागरिकहरुलाई विपद्को प्रकृति अनुसार राहत रकम प्रदान गरिएको,
- विभिन्न विपद्मा परेका नागरिकहरुका लागि तत्काल राहत व्यवस्थापन कार्य गरिएको,
- वन तथा सामुदायिक बनहरुको अभिलेखीकरण कार्यको सुरुवात गरिएको,
- विभिन्न सामाजिक संस्था सँगको सहकार्यमा विद्युतीय चुलो सशुल्क वितरणको प्रवन्ध मिलाईएको,
- टोल विकास समिति तथा वजार व्यवस्थापन समितिसँगको सहकार्यमा टोल तथा बजार सरसफाई कार्यक्रम संचालन गरिएको,

कानुन निर्माण तथा कानुनी मामिला तर्फः-

- स्थानीय सरकार सञ्चाल ऐन २०७४ बमोजिम स्थानीय तहमा रहने गरी वन्नु पर्ने विषयगत समितिहरु सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, आर्थिक विकास समिति, वन वातावरण तथा विपद् व्यवस्थापन समिति, सार्वजनिक सेवा तथा संस्थागत विकास समिति लगायत स्थानीय राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, गाउँपालिका स्तरीय योजना अनुगमन समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, सुशासन समिति, स्थानीय न्यायिक समिति, सार्बजनिक लेखा समिति जस्ता समितिहरु गठन गरिएको,
- यस अवधिमा पालिकाको कार्य प्रकृयालाई थप व्यवस्थित गर्न र प्रभावकारी सेवा प्रवाह गर्न विभिन्न १७ वटा कार्यविधि, ६ वटा ऐन तथा १ वटा नियमावली, १ वटा नीति, १ वटा मापदण्ड, १ वटा आचार संहिता स्वीकृत गरी कार्यान्वयन गरिएको साथै २ वटा कार्यविधि संशोधन गरी समयानुकुल बनाईएको छ भने जनशक्ति व्यवस्थापनमा भर्ना प्रकृयालाई थप

विष्णु प्रसाद भण्डारी
कार्यवाहक अध्यक्ष

चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

विश्वसनीय र योग्य जनशक्ति छनौटको लागि कर्मचारी पदपूर्ति सम्बन्धी कार्यविधिलाई संशोधन गरी लिखित परिक्षाको व्यवस्था समेत थप गरिएको,

- स्थानीय न्यायिक समितिमा ७ वटा उजुरी दर्ता गरीएको तथा विभिन्न वडामा रहेका कुल २१ जना मेलमिलाप कर्ताहरुको सूची अद्यावधिक कार्य सम्पन्न गरी मेलमिलाप कर्ताहरुको लागि २ दिने पुनर्ताजगी तालिम सम्पन्न गरिएको,

<u>सार्वजनिक सेवा तथा संस्थागत विकास तर्फः-</u>

- यस अवधिमा २ गाउँसभा र १७ वटा कार्यपालिका बैठक सम्पन्न भएका,
- गाउँसभा सदस्य तथा कर्मचारीहरुको क्षमता बृद्दिको लागि कानुन निर्माण तथा सभा संचालन सम्बन्धि तालिम सम्पन्न भएको,
- गाउँपालिकाबाट संचालित ४०० भन्दा बढी योजनाहरुको गाउँपालिका स्तरीय योजना अनुगमन समितिबाट स्थलगत अनुगमन सम्पन्न भएको,
- आर्थिक प्रशासन शाखामा विद्युतीय भुक्तानी प्रणाली (EFT) पूर्ण रुपमा लागु गरिएको,
- पालिकालाई प्रविधिमैत्री बनाउन सबै वडाहरुमा अनलाईन घटनादर्ताको सुरुवात गरिएको,
- गाउँपालिकाभित्र राजश्व प्रणालीलाई थप व्यवस्थित गर्न हरेक वडा तथा पालिकामा अनलाईन राजश्व प्रणाली स्थापना गरिएको,
- गाउँपालिकामा हुने व्यक्तिगत घटना दर्ता कार्यलाई थप प्रभावकारी बनाउन वडा सचिव तथा सहायक कर्मचारीहरुको लागि २ दिने तालिम सम्पन्न गरिएको,
- गाउँपालिकाको गत आर्थिक बर्ष साथै चालु आर्थिक बर्षको समेत सार्वजनिक सुनुवाई तथा बार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरिएको,
- गाउँपालिकाको स्थानीय तह स्वमूल्याङ्कन(LISA), वित्तिय जोखिम मूल्याङ्कन (FRA), लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) तथा गाउँपालिकाको कार्यसम्पादन मूल्याङ्कनमा उत्कृष्ट अंक प्राप्त भएको,
- वडा तहमा पुगी योजना संझौता, उपभोक्ता समितिलाई अभिमूखीकरण, जेष्ठ नागरिक परिचयपत्र वितरण कार्यक्रम संचालन गरिएको,
- वार्षिक नीति तथा कार्यक्रम र बजेट मार्फत जन केन्द्रित योजना तथा कार्यक्रम समावेश गरिएको,
- बार्षिक नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने कुराहरुलाई सकेसम्म नागरिकमैत्री बनाउन सरोकारवालाहरुसँग राय सुझाव संकलन गरी तयार गरिएको,
- समय समयमा विभिन्न सरोकारवालाहरुसँग सार्वजनिक सरोकारका विषयमा छलफल एवम् गोष्ठीहरु संचालन गर्ने गरिएको,
- गाउँपालिकाको जनशक्ति व्यवस्थापनका लागि सम्बन्धित निकायमा रिक्त दरबन्दीको माग पठाईएको र तत्काल जनशक्ति आवश्यक रहेको तर अस्थाइ करार राख्न मिल्ने

प्रसाद भण्डारी

पदहरुमा खुला विज्ञापनको माध्यमबाट आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने कार्य गरिएको,

- गाउँपालिकामा गुनासो सुन्ने अधिकारी तथा सूचना अधिकारीको माध्यमबाट पालिकामा हुने जनगुनासोहरुलाई तत्काल सम्बोधनको व्यवस्था मिलाईएको,
- पालिकाको सेवा प्रवाहमा नागरिकको सन्तुष्टी एकिन गर्न र आवश्यक सुधारको लागि पृष्टपोषण प्राप्त गर्न नागरिक सन्तुष्टी फारम विकास गरीएको,
- नागरिकहरुसँग प्रत्यक्ष सम्पर्कमा रहि सार्वजनिक सेवालाई चुस्त, छिटो छरितो, पारदर्शी र प्रभावकारी वनाउन निःशुल्क हटलाईन सेवा प्रदान गरिएको,

अन्त्यमा, एक बर्षको यस अवधिमा समेत हामीलाई निरन्तर सहयोग गरी स्थानीय सरकारको प्रभावकारिता सिद्द गर्न महत्वपूर्ण योगदान दिनुहुने गाउँपालिका अध्यक्ष ज्यू, प्रवक्ता ज्यू, विषयगत समिति संयोजक ज्युहरु लगायत सम्पूर्ण जनप्रतिनिधिहरु, पालिका तथा मातहतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरु, सम्पूर्ण चन्द्रकोट वासी तथा शुभेच्छुकहरु, पत्रकार तथा संचारकर्मीहरु, विभिन्न पेशा र व्यवसाय सँग सम्बन्धित सरोकारवालाहरु, क्रियाशील राजनीतिक दलहरु सबैलाई धन्यवाद व्यक्त गर्दछु। आगामी दिनमा समेत विकास र निर्माण साथै सुशासन प्रवर्धनको हाम्रो धोकोलाई पूरा गर्न निरन्तर यस्तै साथ, हौसला तथा खवरदारी सहित आवश्यक सल्लाह सुझाव, रचनात्मक सहयोग यहाँहरु सबैबाट प्राप्त हुनेछ भन्ने अपेक्षा व्यक्त गर्दछु धन्यवाद।

........................

(विष्णु प्रसाद भण्डारी)

का.वा. अध्यक्ष

**विष्णु प्रसाद भण्डारी**

**कार्यवाहक अध्यक्ष**